६९

# राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

## आदेश

मु.नं. ३५६/२०७१/०७२

निर्णय नं. ३०

सुनसरी जिल्ला इटहरी वडा नं. ५ बस्ने विष्णु प्रसाद ढकाल ..........................................१ निवेदक

विरूद्ध

कार्यालय प्रमुख, इटहरी उप-महानगरपालिका ..........................................१ विपक्षी
सूचना अधिकारी, इटहरी उप-महानगरपालिका ..........................................१

विषय :- माग बमोजिमको सूचना दिनू ।

सुनसरी जिल्ला इटहरी वडा नं. ५ बस्ने विष्णु प्रसाद ढकालले इटहरी उप-महानगरपालिका समक्ष तपसिल बमोजिमका सूचना माग गर्दा सूचना उपलब्ध नगराएकोले सूचना उपलब्ध गराइपाउँ भनी यस आयोगमा मिति २०७०।१२।२१ मा निवेदन गरेकोमा सूचना उपलब्ध नगराएको भनी पुन: मिति २०७२।०४।१८ मा निवेदन गरेको ।

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ३(१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३(२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३(३) ले केही सूचना प्रवाह गर्न रोक लगाएको छ । तर निवेदकले माग गरेको सूचना सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ३(३) ले रोक लगाएको सूचना भित्र पर्ने देखिदैन ।

अत: निवेदकले माग गरेको तपसिलमा उल्लेखित सूचनाहरू निवेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराई सोको जानकारी यस आयोगलाई दिनू भनी इटहरी उप-महानगरपालिकाका कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । निवेदकको निवेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी निवेदकलाई दिनू ।

### तपसिल

१. आ.व. २०५०।०५१ सालदेखि चालु आ.व. २०७१।०७२ को माघ मसान्तसम्ममा त्यस कार्यालयबाट कुन-कुन संघ संस्था संघ संस्था, फर्म, व्यक्ति, राजनैतिक दलहरुले कुन-कुन कार्यक्रम वा प्रयोजनका लागि पेश्की वा रकम निकासा पाएका थिए सो को प्रमाणित विवरण ।
२. आ.व. २०७०।०७१ को अन्तिम लेखा परीक्षण प्रतिवेदनको प्रमाणित प्रतिलिपि ।

३. आ.व. २०५०।५१ देखि चालु आ.व. २०७१।०७२ को माघ मसान्त सम्ममा त्यस कार्यालयबाट पेश्की लाने व्यक्ति, फर्म, संघ संस्था, राजनैतिक दलले पेश्की फछ्यौट गरे सो को नामावली सहितको विवरण तथा हाल सम्म पनि पेश्की फछ्यौट नगर्ने संघ संस्था, फर्म, व्यक्ति, राजनैतिक दलको पेश्की रकम सहितको प्रमाणित विवरण ।

| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बास्कोटा) |
| --- | --- | --- |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल साउन २९ गते रोज ६ शुभम् ।